संघीय संसद

राष्ट्रिय सभा

सत्रौं अधिवेशन

बैठक-४

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१५ बजे*

*बैठक स्थगित :३:५२ बजे*

२०८१ माघ २७ गते, आइतवार

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको चौथो बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल अध्यक्षतामा अपराह्न १:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य जित जंग बस्नेत**ले प्रतिनिधि सभामा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)लाई कुजात शब्द प्रयोग गरेको भनी आपत्ति जनाउनुभयो।

**माननीय सदस्य पदम बहादुर परियार**ले सर्लाहीको बरहथवा नगरपालिकाका सत्येन्द्रकुमार राम चमार र नेहा रौनियारको अन्तरजातीय विवाहका कारण दम्पतीमाथि दमन भएको बताउँदै उक्त घटनाको छानबिन गरी दोषीलाई कारबाहीको माग गर्नुभयो।

**माननीय सदस्य मनरुपा शर्मा**ले बाढिपहिरो र भूकम्प पीडितहरूको उचित व्यवस्थापन नभएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। देशमा रोजगारीको अवसरहरू सिर्जना नहुँदा युवा जनशक्तिहरू विदेशिएको बताउँदै देशमा महिला हिंसाका घटनाहरू बढेको हुँदा न्यूनीकरणका लागि प्रभावकारी योजना बनाउनुपर्ने बताउनुभयो।

**माननीय सदस्य रुकमिणी कोइराला**ले झापा, मोरङ र सुनसरीमा हात्तीको आतङ्क बढेको बताउँदै उचित व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य रेनु चन्द**ले अछामको ढकारी गाउँपालिकामा १४ वर्षीय इशरा खड्का र १५ वर्षीय सरस्वती खड्काको हत्या भएको बताउँदै दोषीलाई कारबाहीको माग गर्नुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटा**ले सिमेन्टको मूल्यवृद्धि हुँदा व्यवसायी र आमजनताले समस्या भोग्नुपरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु देवी पुडासैनी**ले देशका विभिन्न स्थानमा बाँदर आतङ्कका कारण किसानहरूले समस्या भोग्नुपरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी**ले ११ महिना अगाडि पूर्व न्यायाधिश तेज बहादुर खत्रीको अध्यक्षतामा गठन गरिएको मिटरब्याजी जाँचबुझ आयोग राजनीतिक प्रतिशोधका कारण विघटन हुने अवस्थामा रहेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य सबित्री मल्ल**ले नेपालगञ्जबाट काठमाडौं आउँदै गरेको यात्रुबाहक बस नारायणगढ-मुग्लिन सडकखण्डमा दुर्घटना हुँदा यात्रुहरू घाइते भएको बताउनुभयो। जाजरकोट केन्द्रबिन्दु बनाएर गएको भूकम्पले क्षति पुऱ्याएको जाजरकोट, रुकुम पश्चिम र सल्यानका स्थानीयबासीले दोस्रो किस्ताको राहत रकम नपाएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य जित जंग बस्नेत**ले उच्च अदालतको परिसरभित्र वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि हातपात भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। सरकारले छिटोछरितो काम गर्नको निम्ति आवश्यक कानुनहरू अध्यादेशमार्फत ल्याउन सक्ने बताउनुभयो।

**माननीय सदस्य माया प्रसाद शर्मा**ले जाजरकोटको छेडागाड नगरपालिका वडा नम्बर-६ मा टिप्पर दुर्घटना भई तुलसीपुर-३ दाङ बस्ने ने.क.पा माओवादी केन्द्रका वडा कमिटी सदस्य हरी प्रसाद भट्टराईको मृत्यु र अन्य दुई जना घाइते भएको बताउनुभयो। कोहल्पुरबाट काठमाडौं आउँदै गरेको बस दुर्घटना हुँदा धेरै यात्रुहरू घाइते भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। जाजरकोट केन्द्रबिन्दु बनाएर गएको भूकम्पले जाजरकोट, रुकुम पश्चिम र सल्यानमा जनधनको क्षति पुऱ्याएको बताउँदै पुनर्निर्माणका लागि आवश्यक व्यवस्था गर्नुपर्ने बताउनुभयो।

**माननीय सदस्य जयन्ती देवी राई**ले ताप्लेजुङको पाथीभरा मुक्कुम्लुङ क्षेत्रमा निर्माण गर्न लागिएको केबलकारका विषयमा उत्पन्न विवाद समाधानका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो। सर्लाहीको बरहथवा नगरपालिकाका सत्येन्द्रकुमार राम चमार र नेहा रौनियारको बिच भएको अन्तरजातीय विवाहलाई लिएर गृह प्रशासनबाट दमन भएको बताउनुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनार**ले सर्लाहीको बरहथवा नगरपालिकाका सत्येन्द्रकुमार राम चमार र नेहा रौनियारबिच भएको अन्तरजातीय विवाह गर्ने दम्पतीमाथि हस्तक्षेप भएको बताउँदै सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाहीको माग गर्नुभयो।

**माननीय सदस्य दुर्गा गुरुङ**ले कर्णाली प्रदेश प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहेको र पर्यटकीय गन्तव्यको हिसाबले पनि अब्बल रहेको बताउनुभयो। कर्णाली प्रदेशका जिल्लाहरूमा सडक विस्तारको

कार्य प्रभावकारी नभएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। कर्णाली प्रदेशका सर्वसाधारण जनताहरू सही समयमा औषधी उपचार नपाएका कारण अकालमा ज्यान गुमाउनुपरेको बताउनुभयो।

**माननीय सदस्य रेनु चन्द**ले ताप्लेजुङको पाथीभरा मुक्कुम्लुङ क्षेत्रमा निर्माण गर्न लागिएको केबलकारका विषयमा उत्पन्न विवादका कारण उक्त क्षेत्र तनाव सिर्जना भएको बताउँदै समस्या समाधानका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तुलसा कुमारी दाहाल**ले देशका विभिन्न स्थानमा जालवायु परिवर्तनले निम्त्याएको बाढीपहिरो, कृषि उत्पादनमा ह्रासलगायतका समस्याका कारण आमजनताले सास्ती खेप्नुपरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। सरकारले छिटोछरितो काम गर्नको निम्ति आवश्यक कानुनहरू अध्यादेशमार्फत ल्याएको बताउनुभयो। स्वर्गद्वारी गुठीका पीडितहरू र पशुपति क्षेत्रमा कार्यरत सफाई मजदुरहरूले उठाएको जायज मागको सम्बोधन हुनुपर्ने बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई **"आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन"** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"सामाजिक सञ्जाल विधेयक, २०८१"** माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त हुन नआएको व्यहोरा जानकारी गराउनुहुँदै माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङलाई **"सामाजिक सञ्जाल विधेयक, २०८१"** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त विधेयक सभासमक्ष पेस गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाललाई "पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले प्रस्तुत गर्नु भएको "पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको** छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनुभयो। छलफलमा देहायबमोजिमका माननीय सदस्यहरूले भाग लिनुभयो:

१. माननीय सदस्य भगवती न्यौपाने
२. माननीय सदस्य डा. बेदुराम भुसाल

३. माननीय सदस्य तुलसा कुमारी दाहाल

४. माननीय सदस्य गोपी बहादुर सार्की आछामी

५. माननीय सदस्य विष्णु कुमारी सापकोटा

६. माननीय सदस्य रुकमिणी कोइराला

७. माननीय सदस्य सुरेश कुमार आलेमगर

८. माननीय सदस्य पदम बहादुर परियार

९. माननीय सदस्य सुमित्रा बि.सी.

त्यसपछि, सम्माननीय अध्यक्षले **"पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो। त्यसपछि, माननीय मन्त्रीले सभामा जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने ब्यहोरा जानकारी गराउनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल माघ २८ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव